# राष्ट्रिय बाल दिवस २०७६ को अवसरमा आयोजित बक्तृत्वकला प्रतियोगिता सञ्चालन प्रतिवेदन

भूमे गाउँपालिका

## गाउँ कार्यपालिकाको कार्यालय

खावाङबगर, रुकुम (पूर्व)

# राष्ट्रिय बाल दिवस २०७६ को अवसरमा आयोजित बक्तृत्वकला प्रतियोगिता सञ्चालन प्रतिवेदन

प्रतिवेदक

डायमण पुन (शाखा प्रमुख)

शिक्षा,युवा तथा खेलकुद शाखा

# राष्ट्रिय बाल दिवस २०७६ को अवसरमा आयोजित बक्तृत्वकला प्रतियोगिता

## १.परिचय

नेपालकोसंविधान २०७२ लेप्रत्येकबालवालिकालाई आफ्नो पहिचान नामाकरण र जन्मदर्ता ,परिवार तथा राज्यबाट शिक्षा ,स्वास्थ्य,पालन पोषण ,उचित स्याहार ,खेलकुद,मनोरञ्जन तथा सर्बाङ्गीण तथा व्यक्तित्व विकासको हकको व्यवस्था गरेको छ ।प्रत्येक बालवालिकालाई प्रारम्भिक बालविकास तथा बाल सहभागिता को हक हुने र कुनै पनि बालवालिकालाई कलकारखाना तथा जोखिमपूर्ण काममा लगाउन नपाईने अवस्था छ ।त्यसै गरी कुनै पनि बालवालिकालाई बालविवाह गैरकानुनी ओसासारपसार र अपहरण गर्न वा बन्धक राख्न पाईदैन ।कुनै पनि बालवालिकालाई सेना प्रहरी वा सशस्त्र समूहमा भर्ना वा प्रयोग गर्न साँस्कृतिक धार्मिक प्रचलनका कुनै पनि माध्यम वा प्रकारले दुर्व्यवहार उपेक्षा वा शारिरीक मानसिक यौनजन्य वा अन्य कुनै प्रकारको शोषण गर्न वा अनुचित प्रयोग गर्न पाईदैन ।कुनै पनि बालवालिकालाई बाल अनुकुल न्यायको हक हुने तथा असाहाय अनाथ अपाङ्गता भएका द्वन्दपिडित विस्थापित एवं जोखिममा रहेका बालवालिकालाई राज्यबाट विशेष संरक्षण र सुविधा पाउने हकको व्यवस्था गरेको छ ।

२०६२/०६३ को जनआन्दोलन हुनुभन्दा अगाडिका दिनहरुमा राष्ट्रिय बाल दिवस तत्कालिन मुमाबडा महारानी रत्न राज्यलक्ष्मीदेवी शाहको जन्म दिनको अवसर पारी हरेक वर्ष भाद्र ४ गतेका दिन मनाउने गरिन्थ्यो ।विक्रम संवत २०६२/०६३ को राष्ट्रिय जनआन्दोलन पश्चात नेपाल संघीय गणतन्त्रात्मक राज्य व्यवस्थामा गईसके पछि बालअधिकार सम्बन्धी अन्तराष्ट्रिय महासन्धिमा नेपालले हस्ताक्षर गरी सहभागिता जनाएको दिन भाद्र २९ गतेलाई राष्ट्रिय बालदिवसको रुपमा मनाउन थालिएको हो।
यस वर्षको राष्ट्रिय बालदिवस **"सुनिश्चित बाल अधिकार : समृद्ध नेपालको आधार"** भन्ने मूल नाराका साथ भूमे गाउँपालिका भित्र सञ्चालित सामुदायिक विद्यालयहरुको सहभागितामा आधारभूत कक्षा (१-८) तथा माद्यमिक कक्षा (९-१०) तह स्तरीय **"बालबालिकाका लागि स्थानीय सरकार"** विषयमा बक्तृत्वकला प्रतियोगिता सञ्चालन गरी मनाउने निर्णय भए बमोजिम मिति २०७६/०५/२९गते राष्ट्रिय बाल दिवस समारोह भव्यताका साथ सम्पन्न भएको थियो ।

## २. बक्तृत्वकला प्रतियोगिताको उद्देश्य

यस भूमे गाउँपालिकाका बालवालिकाहरुलाई राष्ट्रिय बाल दिवसको बारेमा जानकारी गराउने र गाउँपालिका भित्र सञ्चालनमा रहेका विद्यालयका बालवालिकाहरुको अन्तरनिहित क्षमतालाई प्रष्फुटन गराई प्रोत्साहन प्रदान गर्ने तथा अन्तर विद्यालय प्रतिस्पर्धाको माध्यमबाट विद्यालयहरुबीच पनि प्रतिस्पर्धाको भावना जागृत गराउने ।

## ३. बक्तृत्वकला प्रतियोगिता सञ्चालन भएको स्थान

भूमे गाउँपालिका गाउँ कार्यपालिकाको कार्यालय रहेको स्थान भूमे २ खाबाङबगरमा अवस्थित कार्यालयको परिसरमा गाउँपालिकाको आयोजनामा **" सुनिशुचित बाल अधिकार : समृद्ध नेपालको आधार"** भन्ने मुल नाराका साथ भूमे गाउँपालिकाको शिक्षा, युवा तथा खेलकुद शाखाका प्रमुख श्री डायमण पुनको अध्यक्षता, भूमे गाउँपालिका अध्यक्ष श्री रामसुर बुढामगरको प्रमुख आतिथ्यता तथा उपाध्यक्ष मनकुमारी बुढा विष्टको बिशेष आतिथ्यता र प्रमुख प्रशासकीय अधिकृत श्री चन्द्रसिंह श्रेष्ठ ज्यूको विशेष उपस्थितिमा राष्ट्रिय बालदिवसको अवसरमा आयोजित बक्तृत्वकला प्रतियोगिता सञ्चालन भएको थियो । उक्त कार्यक्रमको उद्घघाटन गाउँपालिका अध्यक्ष तथा प्रमुख अतिथि श्री रामसुर बुढामगरले गर्नु भएको थियो भने कार्यक्रमको सञ्चालन भूमे गाउँपालिका पोषण स्वयमसेवक श्री एलिशा सुनारले गर्नु भएको थियो।

## ४. बक्तृत्वकला प्रतियोगितामा भाग लिने सहभागीहरुको बिवरण

| क्र.सं. | प्रतियोगीको नाम थर | विद्यालयको नाम | कक्षा | तह |
|---|---|---|---|---|
| १ | सिस्टम सुनार | जनजागृति माद्यमिक विद्यालय महत भूमे ६ | १० | माद्यमिक |
| २ | किस्मत सुनार | जनजागृति माद्यमिक विद्यालय महत भूमे ६ | ९ | माद्यमिक |
| ३ | भिमकाजी पुन मगर | सिद्धचौर माद्यमिक विद्यालय लुकुम भूमे १ | १० | माद्यमिक |
| ४ | प्रवेश घर्ती मगर | सिद्धचौर माद्यमिक विद्यालय लुकुम भूमे १ | १० | माद्यमिक |
| ५ | सपना वि.क. | माद्यमिक विद्यालय कुचिवाङ भूमे ८ | १० | माद्यमिक |
| ६ | पुजन खड्का | माद्यमिक विद्यालय कुचिवाङ भूमे ८ | १० | माद्यमिक |
| ७ | मेलिना गुरुङ | शहिद शुक्र माद्यमिक विद्यालय सिमा भूमे ३ | १० | माद्यमिक |
| ८ | विशाल सुनार | शहिद शुक्र माद्यमिक विद्यालय सिमा भूमे ३ | ९ | माद्यमिक |
| ९ | एन्जल बुढा | जनजागृति माद्यमिक विद्यालय महत भूमे ६ | ७ | आधारभूत |
| १० | शान्ति बुढा | जनजागृति माद्यमिक विद्यालय महत भूमे ६ | ८ | आधारभूत |
| ११ | मीना पुन मगर | सिद्धचौर माद्यमिक विद्यालय लुकुम भूमे १ | ७ | आधारभूत |
| १२ | हिरा घर्ती मगर | सिद्धचौर माद्यमिक विद्यालय लुकुम भूमे १ | ७ | आधारभूत |
| १३ | रोशन रोका मगर | शहिद शुक्र माद्यमिक विद्यालय सिमा भूमे ३ | ८ | आधारभूत |
| १४ | संगिता सुनार | शहिद शुक्र माद्यमिक विद्यालय सिमा भूमे ३ | ७ | आधारभूत |
| १५ | माया नेपाली | जनज्योति आधारभूत विद्यालय धर्मशाला भूमे ७ | ८ | आधारभूत |
| १६ | शान्ति रोका | जनज्योति आधारभूत विद्यालय धर्मशाला भूमे ७ | ७ | आधारभूत |
| १७ | धनकुमारघर्ती मगर | बराहा आधारभूत विद्यालय स्याला भूमे १ | ७ | आधारभूत |
| १८ | सविता घर्ती मगर | बराहा आधारभूत विद्यालय स्याला भूमे १ | ७ | आधारभूत |
| १९ | सूत्र बुढा मगर | जनविकास आवि तल्लो साकिम भूमे ४ | ४ | आधारभूत |

| | | | | |
|---|---|---|---|---|
| २० | प्रशान्त राना मगर | टक्सार आधारभूत विद्यालय झुम्लावाङ भूमे ३ | ८ | आधारभूत |
| २१ | सुनिता श्रेष्ठ | टक्सार आधारभूत विद्यालय झुम्लावाङ भूमे ३ | ८ | आधारभूत |
| २२ | राकेश पुन मगर | त्रिभुवन आधारभूत विद्यालय खावाङ भूमे २ | ८ | आधारभूत |
| २३ | दिलकुमारी रोका | त्रिभुवन आधारभूत विद्यालय खावाङ भूमे २ | ७ | आधारभूत |
| २४ | गौ प्रसाद वि.क. | माध्यमिक विद्यालय कुचिवाङ भूमे ८ | ७ | आधारभूत |
| २५ | अन्जना रोका | माध्यमिक विद्यालय कुचिवाङ भूमे ८ | ८ | आधारभूत |
| २६ | सत्त पुन | शहिद शुक्र माध्यमिक विद्यालय सिमा भूमे ३ | ८ | आधारभूत |
| २७ | मोहनकुमारी सुनार | शहिद शुक्र माध्यमिक विद्यालय सिमा भूमे ३ | ८ | आधारभूत |

## ५. प्रतियोगिताको नतिजा बिवरण

राष्ट्रिय बाल दिवस २०७६ को अवसरमा आयोजित **“बालबालिकाको लागिस्थानीय सरकार”** विषयक आधारभूत तथा माध्यमिक तह स्तरीय बक्तृत्वकला प्रतियोगिताको मूल्याङ्कन गर्नका लागि निम्न लिखित व्यक्तिहरु रहेको मूल्याङ्कन समिति गठन गरिएको थियो ।

१. लालबहादुर ओली हे.अ. भूमे गाउँपालिका
२. चन्द्रबहादुर सुनार क.अ. भूमे गाउँपालिका
३. शिखर विश्वकर्मा ना.प्रा.स. भूमे गाउँपालिका

उक्त मूल्याङ्कन समितिले मूल्याङ्कन गरी तयार पारेको नतिजा अनुसार निम्नानुसारको नतिजा प्रकाशन गरी निम्नानुसारको नगद, स्टेशनरी र प्रमाण पत्र सहित पुरस्कार बितरण गरिएको थियो ।

| क्र.सं. | नाम, थर | विद्यालयको नाम | तह | स्थान | रकम | कर कट्टी | खुद पाउने | स्टेशनरी |
|---|---|---|---|---|---|---|---|---|
| १ | प्रशान्त राना मगर | टक्सार आवि झुम्लावाङ | आवि | प्रथम | १५०० | ३७५ | ११२५ | ८ कापी,१० डटपेन,ज्यामिति बक्स र क्याल्कुलेटर |
| २ | सुनिता श्रेष्ठ | टक्सार आवि झुम्लावाङ | आवि | प्रथम | १५०० | ३७५ | ११२५ | ८ कापी,१० डटपेन,ज्यामिति बक्स र क्याल्कुलेटर |

| | | | | | | | | |
|---|---|---|---|---|---|---|---|---|
| ३ | सिस्टम सुनार | जनजागृति मावि महत | मावि | प्रथम | १५०० | ३७५ | ११२५ | ८ कापी,१० डटपेन,ज्यामिति बक्स र क्याल्कुलेटर |
| ४ | विशाल सुनार | शहिद शुक्र मावि सिमा | मावि | प्रथम | १५०० | ३७५ | ११२५ | ८ कापी,१० डटपेन,ज्यामिति बक्स र क्याल्कुलेटर |
| ५ | सत पुन | शहिद शुक्र मावि सिमा | आवि | द्बितीय | १२०० | ३०० | ९०० | ७ कापी,१० डट्पेन, ज्यामिति बक्स र पेन्सिल |
| ६ | माया नेपाली | जनज्योति आवि धर्मशाला | आवि | द्बितीय | १२०० | ३०० | ९०० | ७ कापी,१० डट्पेन, ज्यामिति बक्स र पेन्सिल |
| ७ | किस्मत सुनार | जनजागृति मावि महत | मावि | द्बितीय | १२०० | ३०० | ९०० | ७ कापी,१० डट्पेन, ज्यामिति बक्स र पेन्सिल |
| ८ | मेलिना गुरुङ | शहिद शुक्र मावि सिमा | मावि | द्बितीय | १२०० | ३०० | ९०० | ७ कापी,१० डट्पेन, ज्यामिति बक्स र पेन्सिल |
| ९ | गौप्रसाद वि.क. | मावि कुचिवाङ | आवि | तृतीय | १००० | २५० | ७५० | ५ कापी,१० डट्पेन, ज्यामिति बक्स र पेन्सिल |

| | | | | | | | | |
|---|---|---|---|---|---|---|---|---|
| १० | शान्ति बुढा | जनजागृति मावि महत | आवि | तृतीय | १००० | २५० | ७५० | ५ कापी,१० डट्पेन, ज्यामिति बक्स र पेन्सिल |
| ११ | भिमकाजी पुन | सिद्धचौर मावि लुकुम | मावि | तृतीय | १००० | २५० | ७५० | ५ कापी,१० डट्पेन, ज्यामिति बक्स र पेन्सिल |
| १२ | सपना वि.क. | मावि कुचिवाङ | मावि | तृतीय | १००० | २५० | ७५० | ५ कापी,१० डट्पेन, ज्यामिति बक्स र पेन्सिल |
| १३ | एन्जल बुढा | जनजागृति मावि महत | आवि | सान्त्वना | ६०० | १५० | ४५० | ४ कापी,१० डट्पेन, र कलर पेन्सिल |
| १४ | संगिता सुनार | शहिद वासु स्मृती आवि क्याङ्सी | आवि | सान्त्वना | ६०० | १५० | ४५० | ४ कापी,१० डट्पेन, र कलर पेन्सिल |
| १५ | पुजन खड्का | मावि कुचिवाङ | मावि | सान्त्वना | ६०० | १५० | ४५० | ४ कापी,१० डट्पेन, र कलर पेन्सिल |
| | जम्मा | | | | १६६०० | ४१५० | १२४५० | |

## ६. प्रतिवेदनको तयारी

भूमे गाउँपालिकाको आयोजना तथा शिक्षा, युवा तथा खेलकुद शाखाको संयोजनमा मिति २०७६ भाद्र २९गते राष्ट्रिय बाल दिवसको अवसरमा आयोजित बक्तृत्वकला प्रतियोगिता सम्पन्न भए पछि यो प्रतिवेदन तयार पारिएको हो।उक्त प्रतिवेदनमा कार्यक्रममा भएका सम्पूर्ण गतिविधिहरु , कार्यक्रममा सहभागीहरुको बिवरण र बक्तृत्वकला प्रतियोगिताहरुमा भाग लिने विद्यालयका प्रतियोगीहरुको बिवरण र प्रतियोगितामा विजय भई पुरस्कार प्राप्त गर्ने प्रतियोगी तथा विद्यालयहरुको नामावली समेत उल्लेख गरिएको छ । उक्त बाल दिवसको अवसरमा आयोजित बक्तृत्वकला प्रतियोगितासँग सम्बन्धित अभिलेखको अध्ययन गरी यो प्रतिवेदन भूमे गाउँपालिका अन्तर्गत शिक्षा , युवा तथा खेलकुद शाखाका शाखा प्रमुख श्री डायमण पुनद्वारा तयार पारिएको हो ।

## ७. सुझावहरु

राष्ट्रिय बाल दिवस २०७६ को अवसरमा आयोजित बालबालिकाको लागि स्थानीय सरकार विषयक बक्तृत्वकला प्रतियोगिताको मिति २०७६ भाद्र २९ गते सञ्चालन भएको १ दिने कार्यक्रमसँग सम्बन्धित क्रियाकलापहरु र अवस्थाको अध्ययनको आधारमा देहाय बमोजिमका सुझावहरु प्रस्तुत गरिएको छ ।

- प्रतियोगिता आधारभूत तहको कक्षा (१-८) को मात्र सञ्चालन भएकोले कक्षा (१-५) को स्तर मिल्ने देखिएन त्यसैले आउँदा दिनमा कक्षा १-५ को छुट्टै प्रतियोगिता राख्नु पर्ने ।
- टाढाबाट सहभागीहरु आउने भएकाले बसाईको व्यवस्था गर्नुपर्ने ।
- यो समय वर्षाको समय भएकोले कार्यक्रम गर्ने स्थान कुनै विद्यालयमा छनौट गर्नु पर्ने ।
- कार्यक्रममा आगामी दिनहरुमा सहभागिता अझै बृद्धि गराउनु पर्ने ।
- कार्यक्रम सञ्चालन पश्चात यसको प्रभावकारिताबारे विद्यालय र समुदायमा गएर मूल्याङ्कन गर्नुपर्ने ।
- आगामी दिनमा यो कार्यक्रमलाई प्रभावकारी ढङ्गले सञ्चालन गर्न सम्बन्धित शाखा तथा इकाईहरुलाई क्रियाशिल बनाउनु पर्ने ।

# कार्यक्रमका केही झलकहरु







